# बुटवल उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल,रुपन्देही

## हाट बजार संचालन/ ब्यबस्थापन सम्बन्धी बोलपत्र आब्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०९/२०

बुटवल उप महानगरपालिका क्षेत्रभित्र संचालनमा रहेको तपसिल वमोजिमको हाटवजारहरुको संचालन व्यवस्थापन कार्य आय ठेक्का बन्दोबस्त गरी निजी क्षेत्र मार्फत गराउनु पर्ने भएको हुंदा तोकिएको शर्त, नियम तथा प्रावधान भित्र रही उक्त हाट बजार संचालन/व्यबस्थापन गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म,कम्पनीबाट (नियमानुसार प्रमाण पत्र नविकरण भएका) रित पूर्वकको बोलपत्र आब्हान गरी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त, नियम तथा प्रावधानहरु :-**

१) तपसिलमा उल्लेख गरिएका हाटवजारहरुका लागि तपसिल वमोजिमको शिलबन्दी बोलपत्र फाराम दस्तुर वुझाई यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म (मिति २०७७/१०/०५ गते ) कार्यालय समय भित्र वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय राजश्व शाखावाट खरिद गर्न सकिनेछ ।

२) हाटवजारको लागि वोलपत्र फाराम भरेर सिलवन्दी गरी खाम वाहिर आय ठेक्का नं.८/०७७/०७८ समेत उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन ( मिति २०७७/१०/०६ गते ) दिनको १२.०० बजेसम्म, वुटवल उप महानगरपालिकामा शिलबन्दी बोलपत्र फाराम दाखिला गर्न सकिनेछ । दर्ता हुन आएका शिलबन्दी वोलपत्र सोही दिन, दिनको २.०० बजे खोलिने छ ।

३) बोलपत्र खरिद गर्ने अन्तीम दिन, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परे त्यसपछि कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।

४) वोलपत्रदाताले वोलपत्र साथ आफुले कबोल गरेको कुल ठेक्का अंकको ५ प्रतिशतले हुने रकम बु.उ.म.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको संक्कलै बैंक भौचर वा बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तीमा ९० दिन म्याद भएको वुटवल उप महानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानी पत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ,।

५) वोलपत्र स्वीकृत भए पछि ठेक्का कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको कम्तीमा ठेक्का अवधि सम्मको लागि मान्य हुने परफरमेन्स बण्ड पेश गर्नु पर्नेछ ।

६) स्वीकृत बोलपत्र दाताले ठेक्का अंक भुक्तानी गर्दा कुल ठेक्का अंक लाई ५ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता गर्दाकै बखत, दोश्रो किस्ता रकम २०७८ वैशाख मसान्त भित्र, तेस्रो किस्ता रकम २०७८ श्रावण मसान्त भित्र, चौथो किस्ता रकम २०७८ कार्तिक मसान्त भित्र र पांचौं अथवा अन्तिम किस्ता रकम २०७८ फागुन मसान्त भित्र वुझाउनु पर्नेछ । तोकिएको समयमा किस्ता रकम नवुझाएमा किस्ता रकम वरावरको रकम वैंक ग्यारेन्टीवाट असुल गर्न सकिनेछ ।

७) ठेक्का सम्झौतापछिको बुझाउन बांकी किस्ता रकम वरावरको २०७९ श्रावण मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

८) कबोल गरेको कुल ठेक्का रकम संझौता गर्दाकै वखत एकमुष्ठ वुझाएमा १० प्रतिशत छुट दिईनेछ ।

९) वुटवल उप महानगरपालिकाले तोकेको क्षेत्र भन्दा वाहिर हाटवजार लगाउन पाइनेछैन । साथै उल्लेखित हाटबजारहरुको बिजुली, पानी ब्यबस्था वुटवल उप महानगरपालिकाबाट नै हुनेछ । सरसफाईको व्यवस्था स्वीकृत वोलपत्र दाताले गर्नुपर्नेछ ।

१०) तोकिएको क्षेत्र चौकिल्ला वाहेकका स्थान तथा सडक पेटीमा कुनैपनि व्यवसायका लागि स्थान उपलव्ध गराउन पाइनेछैन ।

११) हाट बजारहरुको बैठकी दररेट लगायतका अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालय राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

१२) कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार वुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

१३) नेपाल सरकारलाई बुझाउनु पर्ने प्रचलित ऐन नियमानुसारको कर ( मुल्य अभिबृद्धि कर, तथा अन्य कर) बोलपत्रदाता स्वयंले बुझाउनु पर्नेछ ।

१४) अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३,सार्वजनिक खरिद नियमावली २०६४, आय ठेक्का वन्दोवस्त गर्ने सम्वन्धि नियमावली २०७६ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

**तपसिल**

| आय ठेक्का नं. | कामको विवरण | न्यूनतम ठेक्का अंक (सरकारी कर वाहेक (२ आर्थिक वर्षका लागि) | वोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने) | ठेक्का अवधि |
|---|---|---|---|---|
| ८/०७७/०७८ | वडा नं.१२, नयांगाऊ आइतवार र विहिवार लाग्ने हाटवजार संचालन /व्यवस्थापन | रु.६,५९,४५०/०० (छ लाख उन्साठी हजार चारसय पचास मात्र) | रु.१०००/०० | २०७७ माघ १५ देखि २०७९ आषाढ मसान्तसम्म |

बुटवल उप महानगरपालिका नगर
कार्यपालिकाको कार्यालय
बुटवल